apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २२६ ● पृष्ठः ४ ● १६ भदौ २०८३ मंगलबार (01 September 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




समाचार ३ पृष्ठ

## १९औं राष्ट्रिय पुस्तकालय दिवसमा विचार गोष्ठी

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, भदौ १५ गते**





बाल, युवा र वृद्ध : पुस्तकालय सवैको गन्त्व्य' नारासँगै सिरहामा १९औं राष्ट्रिय पुस्तकालय दिवस मनाईएको छ।

सिरहा पुस्तकालयको आयोजनामा विचार गोष्ठी आयोजना गरी कार्यक्रम सम्पन्न भएको हो । सिरहा पुस्तकालयका अध्यक्ष सुरेन्द्र कुमार कामतिको अध्यक्षतामा भएको विचार गोष्ठीमा संविधान सभा सदस्यका पूर्व सदस्य आशा यादव, प्राध्यापक संघका केन्द्रिय पूर्व सभापति योगेन्द्र नारायण बरबरिया, सिरहा पुस्तकालयका पूर्व अध्यक्ष प्रमोद पोद्दार, सूर्यनारायण सत्य नारायण मोरबैता यादब बहुमुखी क्याम्पसका प्रमुख राजेश्वर यादव, अर्नमा गाउँपालिकाका शिक्षा संयोजक -विनि) दिप कुमार यादव, नेकपा एमालेका नेता नविन कुमार यादव, इन्जिनियर प्रविण यादव, शिक्षक कपिलदेव यादव, प्याब्सनका प्रतिनिधि दुर्गानन्द यादव, इन्जिनियर रुपेश कुमार गोईत लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो।

विचार गोष्ठीमा सिरहा पुस्तकालयमा बालबालिका, युवा र जेष्ठ नागरिकलाई जोड्ने गरी स्थानीय तह, प्रदेश सरकार र संघ सरकारले सहयोग गर्नुपर्ने विचार प्रकट गरिएको छ। देशको ऐतिहासिक पुस्तकालय भएकोले पनि सिरहा पुस्तकालयलाई एआईको जमाना अनुसार प्रविधि जडानसँगै बालमैत्री बनाउन र जेष्ठ नागरिकलाई संवाद र अध्ययनको स्थलको रुपमा विकास गर्नुपर्ने धारणा व्यक्त भएको हो। पाठकलाई पनि थप आकर्षित गर्ने गरी निरन्तर रुपमा कार्यक्रमको आयोजना, विद्यालयसँग पुस्तकालयलाई जोडन बालबालिकालाई आकर्षित र पुस्तकालय भ्रमण, जेष्ठ नागरिकहरुको निम्ति धार्मिक पुस्तकहरुको उपलब्धता र युवाहरुलाई केन्द्रित गरी डिटिजल र एआईको प्रयोगमा जोड दिन थप काम गर्न जरुरी भएको विचार गोष्ठीमा विचार राखिएको छ।

## बाढीप्रभावितका लागि एक महिनाको पारिश्रमिक दिने मधेश प्रदेश प्रमुखको घोषणा



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १५ गते**

मधेश प्रदेशका प्रमुख सुरेन्द्र लाभ कर्णले रसुवाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आफ्नो एक महिनाको पारिश्रमिक प्रदान गर्ने घोषणा गरेका छन्।


प्रदेश प्रमुख कार्यालयले सोमबार जारी गरेको विज्ञप्तिअनुसार प्रदेश प्रमुख कर्णले आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएका हुन्।

१० भदौमा भोटेकोसी नदीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको छ। बाढीबाट प्रभावित नागरिकको तत्काल उद्धार, राहत वितरण तथा विस्थापितको पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले पारिश्रमिक सहयोग गर्न लागिएको प्रदेश प्रमुख कार्यालयले जनाएको छ।

प्रदेश प्रमुख कार्यालयका प्रवक्ता सञ्जीपकुमार दुब्बेद्वारा जारी विज्ञप्तिमा प्रदेश प्रमुख कर्णको उक्त सहयोगले विपद्को समयमा पीडित नागरिकप्रति ऐक्यबद्धता र मानवीय सहयोगमा टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ।

## 'ई दिन ६ वर्षजस्तै भयो, एउटा फोन कल मात्र सुनाइदेऊ भगवान्'

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १५ गते**






छ दिन भयो, घरको मूल खम्बा ढलेजस्तै गरी ३० वर्षीय इन्जिनियर अजय प्रसाद सिंह वेपत्ता भएको। तर, एउटी श्रीमतीका लागि यी छ दिन छ वर्षभन्दा पनि लामो र भयंकर लाग्दैछ । भोटेकोशीमा आएको विनाशकारी बाढीपहिरोमा परेर अजय प्रसाद सिंह सम्पर्क विहीन भएदेखि धनुषा, जनकपुरधाम उप-महानगरपालिकाकी पुजा साहको आँखा रुँदारुँदै सुकिसकेको छ। आँसु सुके पनि हृदयको कुनामा उब्जिएको आशाको किरण भने अझै निभेको छैन्।

आँगनमा आफन्त वा छरछिमेक कसैको पाइला पर्ने बित्तिकै पुजा झस्किन्छिन-सायद श्रीमान्को कुनै खबर लिएर कोही आयो कि ! घर-आँगनमा मानिसहरुको बाक्लो उपस्थिति छ । छिमेकी, आफन्त तथा इष्टमित्र निरन्तर ओर्लिइरहेका छन् । तर, सबैको मुखबाट एउटै प्रश्न दोहोरिन्छ, 'अजयको केही खबर आयो ? घरआँगन उस्तै छ, वातावरण उस्तै छ, तर त्यहाँ अजय छैनन् । साँझ पर्नेबित्तिकै बत्ती बल्छ, तर पुजाका लागि त्यो उज्यालो पनि अन्धकारमय प्रतीत हुन्छ। दिन-रात भगवानसँग हात जोडेर हारगुहार गर्छिन् पुजा, तर कुनै पनि माध्यमबाट अजयको खबर आउँदैन । सान्त्वना दिन आउनेहरु सबैको एउटै जवाफ हुन्छ, 'सबै ठीक हुन्छ, हिम्मत नहार !'

**८:३९ को त्यो अन्तिम फोन संवाद**

धनुषाको कमला नगरपालिकाका ३० वर्षीय इन्जिनियर अजयकुमार सिंह डोसान हाइड्रोपावरको अप्पर त्रिशुली-१ (२१६ मेगावाट) मा कार्यरत थिए । गत भदौ १० गते बुधबार भोटेकोशीमा उर्लिएर आएको भिषण बाढीले उनको कार्यस्थल र क्याम्पलाई प्रभावित पारेपछि उनी एकाएक सम्पर्कविहीन भए।

श्रीमती पुजा साहका अनुसार

बाँकी पृष्ठ ४ ▸▸

## आन्दोलन स्थगित गरेर बाढी प्रभावित क्षेत्रमा कमन जेनजी

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ १५ गते**



कमन जेनजी नेपालमा आवद्ध युवाहरू आन्दोलन स्थगित गरेर बाढी प्रभावित क्षेत्रमा पुगेका छन्।

'राष्ट्रले अहिले भोग्नुपरेको अकल्पनीय प्राकृतिक विपत्तिको कारण सिंगो देश शोकमा डुबेको यस दुःखद् घडीमा हामी पूर्वघोषित आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित् भएको जानकारी गराउँदछौं' विज्ञप्तिमा भनिएको छ, 'साथै, कमन जेनजी नेपालको सिंगो पैंक्ति बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनःस्थापनाको कार्यमा खटिनेपनि जानकारी गराउँदछौं।'

कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले विज्ञप्ति निकालेर बाढीबाट अतिप्रभावित जिल्ला नुवाकोटका विभिन्न ठाउँमा स्थलगत अवलोकनमा रहेको र उद्धार तथा राहत कार्यमा खटिएको बताएका हुन्।

'बाढी प्रभावित नागरिकहरूको उद्धार, राहत र पूनःस्थापनाको काममा सिंगो देश र विश्वभरि छरिएर रहेका नेपाली आज सरकारको साथमा उभिएका छौं' विज्ञप्तिमा उल्लेख छ।

सरकारले उद्धार र राहत कार्यलाई अझै प्रभावकारी बनाउनुको साथै विभिन्न जलविद्युत आयोजनाका सुरुङमा फसेका नागरिकहरूको तत्काल उद्धार गर्न सम्पूर्ण तागत लगाउनुपर्ने आग्रह पनि गरिएको छ।

कमन जेनजी नेपालले भदौ २३ गते देखि देशव्यापी प्रदर्शन गर्ने तयारी गरेको थियो। जेनजी आन्दोलन भएको एक वर्ष पूरा भएको अवसरमा

बाँकी पृष्ठ ३ ▸▸

## रसुवा बाढीपीडितका नाममा राहत नउठाउन सिरहा प्रशासनको आग्रह




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १५ गते**

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित तथा पीडितका लागि सिरहा जिल्लाका विभिन्न स्थानमा राहत सामग्री संकलन भइरहेको भन्दै जिल्ला प्रशासन कार्यालय सिरहाले स्वेच्छिक रूपमा राहत संकलन नगर्न-नगराउन आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालय सिरहाले सोमबार सूचना जारी गर्दै बाढीपीडितका लागि राहत उपलब्ध गराउन इच्छुक व्यक्ति, संघ-संस्था तथा समूहलाई आफूले उपलब्ध

बाँकी पृष्ठ ३ ▸▸





## औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं।
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं।
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं।
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं।
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

**औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ । तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### तारको जोखिममा नागरिक

सिरहा सदरमुकामको मुख्य सडक विस्तारको काम जारी छ। सडक फराकिलो बनाउने उद्देश्यले सडक क्षेत्रमा पर्ने विद्युतीय तथा टेलिकमका पोल हटाउने र स्थानान्तरण गर्ने काम पनि भइरहेको छ। सडक विस्तार आफैंमा विकास र सहरी व्यवस्थापनका दृष्टिले सकारात्मक कदम हो। तर, विकास निर्माणको क्रममा देखिएको एउटा गम्भीर लापरवाहीले भने नागरिकको ज्यान नै जोखिममा पार्न थालेको छ। सडक विस्तारका क्रममा पुराना पोल हटाइँदा ती पोलमा जडान गरिएका नेपाल टेलिकम तथा निजी क्षेत्रका विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीका तारहरू सडकमा अलपत्र छाडिने समस्या बढ्दै गएको छ। नयाँ पोलमा नयाँ तार जडान गरिसकेपछि पुराना तार नहटाउने प्रवृत्तिका कारण सडकमा तारको जालो, झुन्डिएका तार तथा भुइँमा लत्रिएका तार देखिन थालेका छन्। पोल सार्ने क्रममा सडकमा खसेका वा तानिएका तारलाई व्यवस्थित नगर्नु प्राविधिक कमजोरी मात्र होइन, यो गम्भीर सडक सुरक्षा समस्या हो।

सडकमा अलपत्र तारका कारण पैदलयात्रीदेखि साइकल, मोटरसाइकल तथा अन्य सवारीसाधन चलाउने नागरिकसमेत जोखिममा छन्। भुइँमा छरिएका तारमा खुट्टा अल्झिएर पैदलयात्री लड्न सक्छन्। मोटरसाइकल वा साइकलका पाङ्ग्रामा तार बेरिँदा दुर्घटना हुन सक्छ। रातको समयमा वा पर्याप्त प्रकाश नभएको अवस्थामा यस्तो जोखिम अझ भयावह बन्न सक्छ। सानो देखिने लापरवाहीले ठूलो दुर्घटना निम्त्याउन सक्छ भन्ने तथ्यलाई सम्बन्धित निकायले नजरअन्दाज गर्नु हुँदैन। सडक नागरिकको आवागमनका लागि हो, अव्यवस्थित तार थुपार्ने ठाउँ होइन। विकास निर्माणका क्रममा सडकमा कुनै संरचना, सामग्री वा तार छाडिँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारणले भोग्नुपर्छ। त्यसैले सडक विस्तारसँग सम्बन्धित सबै निकाय र सेवा प्रदायक कम्पनीले आफ्नो जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्नुपर्छ।

विशेषगरी नेपाल टेलिकम तथा निजी इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले नयाँ पोलमा तार स्थानान्तरण गरेपछि प्रयोगविहीन भएका पुराना तार तत्काल हटाउनुपर्छ। ...नयाँ तार जोडियो, पुरानो तार हटाउने जिम्मेवारी कसको ?' भन्ने अन्योल कायम राखेर सडकलाई जोखिमपूर्ण बनाउनु स्वीकार्य हुन सक्दैन। सेवा प्रदायक कम्पनीहरूले आफ्नो पूर्वाधार व्यवस्थापनमा जिम्मेवारी र जवाफदेहिता देखाउनैपर्छ। त्यस्तै, सडक विस्तारको काम गरिरहेको सडक डिभिजन कार्यालयले पनि पोल स्थानान्तरण तथा तार व्यवस्थापनलाई निर्माण कार्यको अभिन्न अंगका रूपमा लिनुपर्छ। पोल हटाउने काम मात्रै गरेर त्यससँग सम्बन्धित तार व्यवस्थापनको जिम्मेवारीबाट पन्छिन मिल्दैन। सडकमा काम गर्दा पैदलयात्री र सवारीसाधनको सुरक्षालाई पहिलो प्राथमिकतामा राखिनुपर्छ। सिरहा नगरपालिकाले पनि यस विषयमा सक्रिय भूमिका निर्वाह गर्न आवश्यक छ। नगर क्षेत्रमा सञ्चालित सडक विस्तार तथा पूर्वाधार निर्माणमा समन्वय, अनुगमन र सुरक्षा व्यवस्थापन सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व हो। नगरपालिकाले सडक डिभिजन, नेपाल टेलिकम, विद्युत् प्राधिकरण तथा निजी इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी सडकमा अलपत्र रहेका तारको तत्काल पहिचान र व्यवस्थापन गर्न पहल गर्नुपर्छ।

प्रयोगविहीन तार हटाउने, प्रयोगमा रहेका तारलाई व्यवस्थित र सुरक्षित ढंगले राख्ने तथा सडकमा निर्माण सामग्री वा तारका कारण जोखिम सिर्जना नहुने व्यवस्था मिलाउने काम तत्काल हुनुपर्छ। सडक विस्तारले सिरहा सदरमुकामलाई व्यवस्थित र सुरक्षित बनाउनुपर्ने हो। तर सडक फराकिलो बनाउँदै गर्दा नागरिकको हिँडडुल नै जोखिमपूर्ण बन्ने अवस्था आयो भने विकासको उद्देश्य अधुरो हुन्छ। भौतिक पूर्वाधार निर्माणको वास्तविक सफलता सडकको चौडाइमा मात्र होइन, त्यसले नागरिकलाई कति सुरक्षित र सहज आवागमनको वातावरण दिन सक्यो भन्ने कुरामा निर्भर हुन्छ। त्यसैले सडकमा अलपत्र छाडिएका तार तत्काल हटाइयोस्। पुराना तार हटाउने र नयाँ तार व्यवस्थित गर्ने जिम्मेवारी तोकियोस्। सडक विस्तारसँगै सडक सुरक्षालाई पनि प्राथमिकता दिइयोस्। नागरिकको ज्यान जोखिममा परेपछि मात्रै सक्रिय हुने होइन, सम्भावित दुर्घटना हुनुअघि नै सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्छ। सडक विस्तार विकासको काम हो भने सडक सुरक्षा त्यसको अनिवार्य सर्त हो। नागरिकको ज्यानभन्दा ठूलो कुनै तार, कुनै सेवा र कुनै निर्माणकार्य हुन सक्दैन।

# बहु-जोखिम पूर्वसूचना प्रणालीको आवश्यकता

**नेपाल-चीन सीमापार हिमाली जोखिम न्यूनीकरणका लागि केही पूर्वसूचना तथा निगरानी संयन्त्र प्रयोगमा छन्, तर पर्याप्त भएन ।**



**दिवेश वरसिंह थापा**

> **बाढी आएपछि मात्र उद्धार गर्ने होइन, विपद् आउनुअघि नै जोखिम पहिचान गरी जीवन जोगाउने नेपाल-चीन संयुक्त 'बहु-जोखिम पूर्वसूचना प्रणाली' अब विकल्प होइन, आवश्यकता हो ।**




बाढीको घटना भनेर मात्र बुझ्नु वा वर्षा नाप्ने मिटर हेरेर मात्र बाढीको प्रकोपबाट ज्यान जोगाउन सकिन्छ भनेर बुझ्नु पर्याप्त हुँदैन । हिमवत् क्षेत्रमा जलवायु परिवर्तन र तापक्रम वृद्धिसँगै पछिल्ला समयहरुमा हिमताल फुट्नु र त्यो भन्दा पनि जटिल अर्को जोखिम ठूला हिम-चट्टानहरु तल बज्रिएर निम्तिने गरेको प्रकोप, विपद्बाट मानिसहरुको ज्यान कसरी बचाउने ? यो हिमाली सीमावर्ती राष्ट्रहरुमाथि बारम्बार उठ्ने गरेको प्रश्न हो।

हिमाली सीमावर्ती राष्ट्रद्वय नेपाल-चीन सीमापार हिमाली जोखिमका लागि केही पूर्वसूचना तथा निगरानी संयन्त्र प्रयोगमा छन्, तर पर्याप्त भएन । हालैको लेङ्दे बाढी घटनाले अब दुई देशीय एकीकृत "बहु-जोखिम पूर्वसूचना प्रणाली तथा द्रूत सेवा प्रणाली" सम्झौताको बढ्दो आवश्यकता महशुस गराएको छ। यसले देशको सीमामा पुगेपछि मात्रै चेतावनी दिने होइन, जोखिम सुरु भएको ठाउँबाटै अर्को देशलाई तुरुन्त सूचना दिने काम गर्छ। यसमा 'वास्तविक-समय उपग्रह' (रियल-टाइम स्याटलाइट) अवलोकन, राडार निगरानी, भूकम्पीय गतिविधि, हिमनदीको अवस्था, हिमताल र हिम-चट्टानको अवस्था, वर्षा र नदीको जलस्तर सम्बन्धी तथ्याङ्कलाई एकीकृत गर्ने प्रणालीको विकास गरिएको हुन्छ।

आउँदा दिनहरुमा वर्षा वा नदीको पानीको सतह मापन गर्ने परम्परागत प्रणाली मात्र पर्याप्त नहुने देखियो । त्यसैले यस्ता प्रकारका घटनाहरुलाई हिमनदी, हिम-चट्टान, नदी, बस्ती सबै तहलाई एकैसाथ जोडेर मूल्यांकन तथा विश्लेषण गर्ने एकीकृत पूर्वसूचना प्रणाली आवश्यक छ । यो त्यस्तो नेपाल-चीन संयुक्त सीमा-पार जोखिम सूचना आदानप्रदान प्रणाली हुन सक्छ जसले विपद् भएपछि थाहा पाउने होइन, विपद् बन्नु अगाडि नै संकेत पत्ता लगाउँछ। यसको नेपालपट्टि पनि स्थल-आधार राडार, भू-व्यवस्थापन मापन सेन्सर, भूकम्पीय वा कम्पन मापन सेन्सर, समय-अन्तराल क्यामेरा तथा क्रमिक तस्वीर निगरानी क्यामेरा, उपग्रह वा इन्सार निगरानी क्यामेरा, ड्रोन वा मानवरहित हवाई साधनद्वारा सर्वेक्षण गर्ने अत्याधुनिक शक्तिशाली उपकरणहरुलाई प्रयोग गर्नुपर्ने समय आइसकेको छ । यो प्रणाली नेपालमा मात्र सीमित नराखी चीनको तिब्बततर्फका निगरानी केन्द्रहरुसँग 'वास्तविक-समय डेटा' आदानप्रदान गर्ने गरी बनाइएको हुन्छ।

नेपाल-चीनबीच हिमताल सम्बन्धी सीमा-पार अग्रिम चेतावनी प्रणालीको अनुभव पनि विगतदेखि नै रहेको पाइन्छ। तर, हालको लेङ्दे बाढी प्रकोपको मुख्य कारण मानिँदै आएको हिम-चट्टान खसेर सुरु भएको हुनाले त्यसको कारण र प्रभावबाट मानिसलाई बचाउन विगतको परम्परागत जोखिम नियन्त्रण प्रणालीभन्दा व्यापक शक्तिशाली आधुनिक वैज्ञानिक प्रणाली आवश्यक देखियो। यससँग सम्बन्धित वैज्ञानिक, प्राविधिक दक्ष जनशक्ति, तालिम प्राप्त स्वयम सेवक र नेपाल सरकार नेपाली सेनाको सम्बन्धित प्राविधिक विशेषज्ञ टोली सहितको 'विशेष संयुक्त प्राविधिक संयन्त्र' निर्माण गरी प्राकृतिक विपद् जोखिम न्यूनीकरण केन्द्रहरु स्थापना गर्न तड्कारो आवश्यकता देखिएको छ। सरकारले यस्ता प्राकृतिक जोखिमसँग जुधेर मानिसको ज्यान बचाउन खटिएका 'विशेष संयुक्त प्राविधिक संयन्त्र' मा परिचालित विशेषज्ञ जनशक्तिहरुको सुरक्षा र सुविधामा पनि कुनै कमी आउन दिनु हुँदैन।

हालको घटनापछि चीनले लेङ्दे क्षेत्रमा उपग्रह, ड्रोन, राडार लगायत शक्तिशाली उपकरणहरुबाट चौबीसै घण्टा निगरानी गरिरहेको र उपग्रह तस्वीरबाट बनेको तालको क्षेत्रफल समेत मापन गरिरहेको पाइएको छ । यस्तैगरी नेपाल-चीन संयुक्त विपद् जोखिम क्षेत्र नक्साङ्कन तथा जोखिम मूल्यांकन, उच्च हिमाली क्षेत्रमा विभिन्न सेन्सरहरु मार्फत वास्तविक-समय निरन्तर निगरानी प्रणाली र नेपाल-चीन सीमापार वास्तविक समय तथ्यांक आदानप्रदानमा आधारित प्रभावकारी 'स्वचालित विपद् पूर्वसूचना तथा चेतावनी प्रणाली' विकासको माग देशैभरि बढिरहेको छ।

नेपालले पनि सन् २०३० सम्ममा 'बहु-विपद् पूर्वसूचना प्रणाली' स्थापना गर्ने र हिमताल विष्फोटजन्य बाढीको 'वास्तविक-समय' अनुगमन विस्तार गर्ने लक्ष्य राखेको छ, तर हालैको घटना भोग्दा के यसलाई ३, ४ वर्षसम्म कुर्न सकिन्छ ? यसको आवश्यकताको सिद्धान्तका आधारमा यथाशीघ्र लागू गर्नुपर्ने बाध्यता आई लागेको देखिन्छ। जलवायु परिवर्तनका कारण उच्च हिमाली क्षेत्रमा भइरहेका नियमित बहुआयामिक परिवर्तन हेर्नको लागि पनि यस्तो बहु-जोखिम पूर्वसूचना प्रणालीमा जानु पर्ने आवश्यकता देखियो । यो केवल बाढीको सूचना मात्रै दिने प्रणाली होइन; हिमताल विस्फोटजन्य बाढी, हिमपहिरो तथा हिम-चट्टान खस्ने घटना, भारी वर्षा, पहिरो, नदीको सतह बढ्ने अवस्था आदि जोखिमलाई एकीकृत रुपमा निगरानी गरी समयमै चेतावनी दिने विशेष प्रणाली हो।

वि.सं. २०७८ मा आएको मेलम्चीको बाढी, वि.सं. २०८२ मा लेन्देखोलामा आएको बाढी र यो वर्ष पुनः लेङ्दे खोलामा आएको अहिलेको बाढीको अवस्था हाम्रो भविष्यको लागि चेतावनी भएकाले अब नीति निर्माताले यो अवस्थालाई 'एकल-जोखिम पूर्वसूचना प्रणाली' भित्र मात्र सीमित राखेर हेर्नु उपयुक्त हुँदैन। हिमवत् खण्डमा भूकम्प जानु, हिम-चट्टान खस्नु, हिमताल फुटनु, सुख्खा पहिरो जानु, नदी थुनिएर बाँध फुट्नु, बाढी आउनु, तटीय भेगलाई ध्वस्त बनाउनु 'बहु-जोखिम श्रृंखलाबद्ध विपद्' हो । त्यसकारण अब हाम्रो विपद् व्यवस्थापन नीति बाढी आयो भने तटबन्ध बनाउने जस्तो एकल समाधानमा मात्र सीमित हुनु हुँदैन। बाढीसँगै कटान, पहिरो, भू-क्षय, पूर्वाधार क्षति, आपूर्ति अवरोध र मानवीय संकटसम्मलाई एउटै 'बहु-जोखिम व्यवस्थापन प्रणाली' मा समेट्नु उपयुक्त हुन्छ। मानौं केरुङ र लेङ्दे खोलाहरुमा बारम्बार बाढी आउँछ। सरकारले बाढी रोक्न तटबन्ध मात्र बनाउने र त्यसैलाई मुख्य समाधान मान्ने हो भने यो 'एकल-जोखिम दृष्टिकोण' भयो, तर वास्तविकताको आधारमा बाढीसँगै नदी कटान हुन सक्छ, सडक तथा पुल भत्किन सक्छ, विद्युत तथा खानेपानी अवरुद्ध हुन सक्छ, बस्ती डुबानमा पर्न सक्छ, यातायात र आपूर्ति प्रणाली प्रभावित हुन सक्छ। यस्तो बेला यदि सरकारले बाढी मात्र रोक्ने उपाय बनायो तर यी अन्य सम्भावित जोखिमलाई बेवास्ता गऱ्यो भने एउटा जोखिमको समाधान गर्दा पनि अर्को विपद् जोखिम घट्न नसक्ने रहेछ! यसको विपरित बहु-जोखिम दृष्टिकोणले एउटै क्षेत्रमा हुन सक्ने बाढी, कटान, पहिरो, भू-क्षय, पूर्वाधार क्षति र अन्य जोखिमलाई एकसाथ पहिचान र व्यवस्थापन गर्न सहज हुन्छ।

'बहु-जोखिम पूर्वसूचना प्रणाली' ले तिब्बतको पुरेपु साङ्पो र छोचेन खोलाको संगम आसपासका हिमताल र हिम-चट्टानको जोखिममा कसरी काम गर्छ भने मानौं हिमाली क्षेत्रमा ठूला ठूला हिमताल, हिम-चट्टानहरु छन् । त्यस तालमा अचानक पानी बढ्यो, वरपरका हिमताल, हिम-चट्टान अस्थिर भए वा हिम-चट्टान खसेर तालमा ठूलो छाल उत्पन्न भयो भने त्यसको प्रभावबाट रसुवा, नुवाकोट, गोरखा, धादिङ, चितवन जस्ता तल्लो तटीय क्षेत्रहरुमा विनाशकारी बाढी आउन सक्छ।

अब, बहु-जोखिम पूर्वसूचना प्रणालीले कुन हिमताल फुट्न सक्ने अवस्थामा छ ? कुन हिम-चट्टान अस्थिर छ ? तल्लो तटीय क्षेत्रमा कुन कुन बस्ती, पुल, सडक वा जलविद्युत आयोजना जोखिममा छन् ? यसको जोखिम नक्सा बनाएर जोखिम पहिचान गर्छ। त्यसपछि हिमतालको पानीको सतह, हिम-चट्टानको जोखिम गतीशिलता, तापक्रम, हिमनदीको अवस्था, तालको बाँध वा किनाराको चाल आदिलाई सेन्सर, क्यामेरा, स्याटेलाइट र ड्रोन जस्ता माध्यमहरुबाट निरन्तर निगरानी राखी सूचना आदानप्रदान गर्छ । त्यसपछि यसको एउटा घटनालाई मात्र हेरिँदैन।

उदाहरणका लागि हिम-चट्टान खस्यो, त्यसबाट हिमतालमा ठूलो छाल आयो, त्यसको परिणामले हिमताल विष्फोटजन्य बाढी आयो, तटीय नदीमा त्यो बाढीको घनत्व बढ्यो, त्यसले तल्लो बस्ती र त्यहाँका मानिसहरु तथा पूवार्धार संरचनालाई क्षति पुऱ्याउने भयो भनेर 'श्रृंखलाबद्ध विपद् जोखिम प्रभाव' (केस्केडिङ्ग इफ्फेक्ट) लाई प्रणालीले पहिले नै गणना गरिसक्छ । यसबाट बच्न, बचाउन पूर्वतयारी स्वरुप जोखिम निश्चित सीमाभन्दा माथि पुगेपछि स्थानीय प्रशासन, सुरक्षा निकाय र समुदायलाई एसएमएस, साइरन, मोबाइल एप, रेडियो तथा अन्य सञ्चार माध्यमहरुबाट तुरुन्त सूचना जाने व्यवस्था गरिन्छ जुन 'स्वचालित' (अटोमेटिक) चेतावनी हो। त्यसपछि सायरन बज्यो भने मानिस कहाँ जाने ? कुन बाटो सुरक्षित छ ? त्यो बाटोलाई कसरी प्रयोग गर्ने ?

**बाँकी पृष्ठ ३ ▶▶**

## आजको राशिफल

**मेष :** आज काममा नयाँ अवसर प्राप्त हुनेछ। रोकिएका कार्य अघि बढ्नेछन्।

**बृष :** आज तपाईंको मेहनतले अपेक्षित परिणाम दिनेछ। व्यापार व्यवसायमा लाभको सम्भावना छ।

**मिथुन :** आज जिम्मेवारी बढे पनि कार्यक्षमताले सफलता दिलाउनेछ। जागिर तथा व्यवसायमा प्रगतिको अवसर मिल्नेछ।

**कर्कट :** आज मनमा उत्साह र आत्मविश्वास बढ्नेछ। कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ।

**सिंह :** आज नयाँ जिम्मेवारी प्राप्त हुनसक्छ। नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ।

**कन्या :** आज अधुरा काम पूरा गर्न राम्रो समय छ। कार्यालयमा तपाईंको मेहनतको मूल्याङ्कन हुनेछ।

**तुला :** आज भाग्यले साथ दिनेछ। नयाँ काम वा सम्झौताको अवसर प्राप्त हुनसक्छ।

**वृश्चिक :** आज चुनौतीपूर्ण काम पनि आत्मविश्वासका साथ पूरा गर्नुहुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर मिल्नेछ।

**धनु :** आज रोकिएका योजना अघि बढ्नेछन्। व्यवसायमा नयाँ सम्भावना देखिनेछ।

**मकर :** आज मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ। जागिरमा महत्वपूर्ण जिम्मेवारी आउनसक्छ।

**कुम्भ :** आज सिर्जनात्मक सोचले सफलता दिलाउनेछ। नयाँ योजना बनाउने र कार्यान्वयन गर्ने अवसर मिल्नेछ।

**मीन :** आज चन्द्रमा आफ्नै राशिमा रहेकाले आत्मविश्वास र संवेदनशीलता बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# नेपाल भलिबल लिगको पहिलो खेलमा मधेश र सगरमाथा भिड्ने

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ १५ गते**

पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज प्रतियोगिता नेपाल भलिबल लिग (एनभीएल) को खेल तालिका सार्वजनिक गरिएको छ।

'उचाइँको नयाँ उडान' सन्देशसहित यही भदौ १९ शुक्रबारदेखि त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा एनभीएल सुरु हुनेछ। प्रतियोगितामा ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्।

आयोजक केडिया ग्रुपद्वारा सोमबार प्रकाशित खेल तालिकाअनुसार पहिलो खेल मधेश वारियर्स र सगरमाथा स्म्यासर्सबीच हुनेछ। आयोजकले पहिलो दिनको टिकट बिक्रीबाट संकलित सम्पूर्ण रकम रसुवा-नुवाकोटका बाढीपीडितको सहयोगका लागि प्रदान प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने घोषणा गरेको छ। १४ भदौबाट नै टिकट बिक्री खल्ती बाई आईएमईबाट अग्रिम खरिद गर्न सकिने जनाइएको छ।

पहिलो दिन नै दोस्रो खेल अन्नपूर्ण स्पाइकर किंग्स र कर्णाली शिवराजबीच हुनेछ। पहिलो खेल अपरान्ह ४ बजे र दोस्रो खेल ७ बजे हुने तालिका छ। २० भदौमा काठमाडौं रेड्सले मधेश वारियर्सविरुद्ध खेल्नेछ भने अर्को खेलमा सगरमाथाको भेट खप्तड फाल्कन्सविरुद्ध हुनेछ।

२१ भदौ अन्नपूर्ण स्पाइकर र काठमाडौं रेड्स तथा कर्णाली शिवराज र खप्तड फाल्कन्सबीच खेल हुनेछ। यसरी नै ६ टिमले एकअर्काविरुद्ध प्रतिस्पर्धा गर्नेछ। लिग चरणमा कुल १५ खेल हुनेछ। २५ भदौमा खप्तड फाल्कन्स र काठमाडौं रेड्सबीच लिगको अन्तिम खेल हुनेछ।

लिगको शीर्षस्थानमा रहने टोली सिधै फाइनल पुग्नेछ भने दोस्रो र तेस्रो हुने टोलीबीच प्लेअफ हुनेछ। २६ भदौमा हुने प्लेअफ विजेताले लिगको पहिलो स्थानमा हुने टोलीसँग फाइनल खेल्नेछ। फाइनल २७ गते शनिबार हुनेछ।




**कर्णालीमा पोल्यान्डका सेटर**

यसैबीच एनभीएलका लागि कर्णाली शिवराजले विदेशी खेलाडीका रूपमा पोल्यान्डका सेटर एमिलियन स्मेटेकलाई अनुबन्ध गरेको छ। उनी कर्णालीले अनुबन्ध गरेको पहिलो विदेशी खेलाडी हुन्। सेटरको भूमिकामा उनले टोलीका महत्वपूर्ण भूमिका निर्वाह गर्ने टोलीको अपेक्षा छ।

कर्णालीले न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबमा आयोजित ट्यालेन्ट हन्टबाट डम्बर बीसीलाई लिएको छ। कर्णाली प्रदेशमै आयोजना गर्ने तयारी गरिएको ट्यालेन्ट हन्ट आवेदन दिएका अधिकांश खेलाडी काठमाडौंमै बसोबास गर्ने भएकाले राजधानीमै छनोट गरिएको कर्णालीका सीईओ अशोककुमार भट्टले जानकारी गराएका छन्।

**अन्नपूर्ण स्पाइकरमा तीनै खेलाडी मंगोलियाका**

यता, अन्नपूर्ण स्पाइकरले मंगोलियन राष्ट्रिय भलिबल टिमका सेटर तुर्मान्डाख गान्खुयागलाई अनुबन्ध गरेको छ। अन्नपूर्णले विदेशी कोटका तीनै खेलाडी मंगोलियाबाट लिएको हो। यसअघि मंगोलियाका आउटसाइड हिटर उरानबायर मन्खबायर र अपोजिट हिटर इन्ख एर्डेन जारगालसोटलाई अनुबन्ध गरिसकेको छ।

२८ वर्षीय अनुभवी सेटर तुर्मान्डाख मंगोलिया राष्ट्रिय टिमका सदस्य हुन्। उनीसँग मंगोलियाको राष्ट्रिय टिम, मंगोलियाको लिग र एसियाको क्लब भलिबल प्रतियोगिता खेलेको अनुभव रहेको अन्नपूर्णले जनाएको छ।

उनले घरेलु कोर्टमा एसियन इस्टर्न जोनल मेन्स भलिबल च्याम्पियनसिपमा मंगोलियालाई कांस्य दिलाउन महत्त्वपूर्ण प्रदर्शन गरेका थिए। उनले सन् २०२३ मा पनि काभा नेसनल लिगमा कांस्य जितेका थिए।

उनले मंगोलिया प्रिमियर लिगमा दुई पटक बेस्ट सेटरको अवार्ड जितिसकेका छन्। ६ फिट अग्ला तुर्मान्डाखले सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियाली गेम्स र एभीसी च्यालेन्ज कप पनि खेलेका थिए।

तीनै विदेशी खेलाडी मंगोलियाबाट अनुबन्ध गरेपछि टिम सन्तुलित बनेको र लिगमा उत्कृष्ट प्रदर्शन गर्ने दाबी अन्नपूर्ण स्पाइकरको छ। गण्डकी प्रदेशको प्रतिनिधित्व अन्नपूर्णमा मिडल ब्लकर हिमाल सुनारी मार्की खेलाडी छन्।

## रसुवा बाढीपीडितका नाममा राहत नउठाउन ............

गराउन सक्ने राहत सामग्रीको विवरण नजिकको इलाका प्रशासन कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउन अनुरोध गरेको हो।

प्रशासनका अनुसार राहत संकलनका नाममा विभिन्न व्यक्ति, संघ-संस्था तथा समूहले सामग्री संकलन गरिरहेको जानकारी प्राप्त भएको छ। राहत सामग्रीको व्यवस्थित व्यवस्थापन तथा वास्तविक पीडितसम्म प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यले प्रशासनलाई जानकारी गराएर मात्र सहयोग गर्न आग्रह गरिएको हो।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी सूचनामा इच्छुक व्यक्ति तथा संघ-संस्थाले उपलब्ध गराउन सक्ने राहत सामग्रीको विवरण सम्बन्धित प्रशासनिक निकायलाई जानकारी गराउन भनिएको छ।

प्रशासनले राहत सहयोग गर्न चाहने व्यक्ति तथा संस्थालाई निरुत्साहित नगरी व्यवस्थित र समन्वयात्मक रूपमा राहत उपलब्ध गराउन आग्रह गरेको जनाएको छ।

## आन्दोलन स्थगित गरेर बाढी प्रभावित क्षेत्रमा ............

देशव्यापी प्रदर्शन गर्ने र जेनजीले राखेका माग के कति पुरा भए भनेर सरकारलाई खबरदारी गर्ने गरी तय भएको आन्दोलन स्थगित गरेर बाढी प्रभावित क्षेत्रमा खटिएको विज्ञप्तिमा जनाइएको छ।

भदौ १० गते रसुवाको गोसाइँकुण्ड गाउँपालिका क्षेत्रमा आएको भीषण बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको छ। बाढीसँगैको गेग्रानले भोटेकोशी नदीको बहाव एकाएक बढाउँदा नदी आसपासका बस्ती, सडक, पुल तथा जलविद्युत् आयोजनामा क्षति पुगेको छ।

भीषण बाढीले स्थानीय बस्ती र पूर्वाधारसँगै कैलाश हिमाल तथा मानसरोवर यात्रामा रहेका पर्यटकलाई समेत प्रभावित बनाएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार रसुवाको भोटेकोशीमा आएको बाढीमा परेकामध्ये ९०३ जनाको शव फेला परेको छ। यो सोमबार बिहान ९ बजेसम्मको तथ्यांक हो।

प्राधिकरणका अनुसार अहिलेसम्म ४ हजार २२७ जना सम्पर्कविहीन छन्। १० हजार ४५१ जनाको उद्धार भएको छ। पहिचान खुल्न नसकेका शवहरू विभिन्न जिल्लाका २१ अस्पतालमा राखिएको छ। २६७ जना घाइते भएका छन्। यसमध्ये १५६ जना उपचारपछि डिस्चार्ज भइसकेका छन्।

उद्धार, राहत तथा पुनःस्थापनमा २० हजार ८१९ सुरक्षाकर्मी खटिएका छन्। जसमा नेपाली सेना ८ हजार ७२२, नेपाल प्रहरी ७ हजार ८९४ र सशस्त्र प्रहरी ४ हजार २०३ जना रहेका छन्।




## बहु-जोखिम पूर्वसूचना प्रणालीको ............

विद्यालय, वृद्धाश्रम, स्वास्थ्य संस्था र जोखिमयुक्त बस्तीहरुलाई कसरी खाली गर्ने ? यी कुरा विपद् आउनु अघि नै अभ्यास सहित तयार भई पूर्वनिर्धारित (इभयाकुएसन प्लान) गरिन्छ। त्यसपछि हिमतालमा राखिएको सेन्सरले दिएको सूचना, स्थानीय तह, जिल्ला र प्रदेश, राष्ट्रिय विपद् व्यवस्थापन संयन्त्रहुँदै समुदाय, समूह, व्यक्तिसम्म केही मिनेटमै पुग्ने व्यवस्था गरिन्छ।

यसरी 'बहु-जोखिम पूर्वसूचना प्रविधि' तलदेखि माथिसम्म जोडिएको भरपर्दो दोहोरो प्रणाली हो। यो नै भविष्यको लागि हाम्रो सरकारले ध्यान पुऱ्याउनु पर्ने मुख्य विषयवस्तु हुन सक्छ। तर यो दूत चेतावनी प्रणालीले हिमताल र हिम-चट्टानलाई आफैं रोक्दैन। यसको मुख्य उद्देश्य घटना हुनु अघि पर्याप्त समय दिएर मानिस र पूर्वाधारलाई सुरक्षित स्थानमा सार्नु, भगाउनु र क्षति कम गर्नु हो। अब हाम्रो विपद् व्यवस्थापन प्रणाली अहिलेको जस्तो बाढी आएपछि उद्धार गर्ने प्रतिक्रियात्मक प्रणालीमा मात्र सीमित हुनु हुँदैन।

हिमताल, हिम-चट्टान, बाढी, पहिरो र तिनबाट तटीय क्षेत्रमा उत्पन्न हुन सक्ने जोखिम विश्लेषणलाई नेपाल र चीन संयुक्त रुपमा मिलेर बेलैमा न्यूनीकरण गर्नु प्रभावकारी उपाय हुन सक्छ। नेपाल-चीनबीच 'बहु-जोखिम सूचना प्रणाली' मा सहकार्य, विशेषगरी तत्काल पहिचान भएको 'वास्तविक-समय विपद् जोखिम' (रियल-टाइम ह्याजर्ड) सूचना आदानप्रदान गर्नको लागि नेपाल-चीन दुई देशीय भूकम्प, बाढी, पहिरो, हिमपहिरो, हिम-चट्टान, मौसम, तूफान, वनडढेलो आदि सम्बन्धी उपलब्ध 'रियल-टाइम डाटा' मा आधारित नेपालतर्फको पनि आफ्नै प्रभावकारी शक्तिशाली 'एप्लिकेशन प्रोग्रामिङ्ग इण्टरफेस' प्रणालीको आवश्यकता पहिचान भएको हो।

मानौं यसमा एकसाथ नेपाल-चीन सीमावर्ती अन्तर-देशीय दुई वटा कम्प्युटर प्रणालीबीच स्वचालित रुपमा सूचना आदानप्रदान गराउने प्राविधिक माध्यम वा सुरक्षित डाटा लिङ्क अपनाउन सकिन्छ। यसरी चीनको माथिल्लो तटीय क्षेत्रमा उत्पन्न हुने बाढी तथा अन्य विपद् जोखिम सम्बन्धी सूचना नेपाललाई 'वास्तविक-समय' (रियल टाइम) मा उपलब्ध गराउने दीर्घकालीन प्रणाली हो। यसका लागि हरेक पटक इमेल पठाउने, फोन गर्ने वा राजनीतिक तथा कूटनीतिक च्यानलबाट अनुरोध गरिरहनु पर्ने प्रक्रियागत आवश्यकता पर्दैन र शीघ्र स्वस्फूर्त सूचना प्रणालीद्वारा समयमै जनताको ज्यान बचाउन सहज हुन सक्छ।

विगतले सिकाएको पाठले अबका दिनमा थप वैज्ञानिक जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित भू-उपयोग, नदी तथा खोलाको व्यवस्थापन, जोखिमयुक्त पूर्वाधारको पुनरावलोकन, पूर्वतयारी, उद्धार र पुनःस्थापनालाई एकीकृत गरेर मात्र भविष्यको क्षति घटाउन सकिन्छ भन्ने सावित गरिदिएको छ। यसले प्राकृतिक विपद रोक्न नसकिएला, तर विपद् एकपछि अर्को विपदमा परिणत हुने श्रृंखला र त्यसबाट हुने क्षति धेरै हदसम्म घटाउन सकिन्छ।

लेड्दे बाढी घटनाले अर्को एउटा पाठ पनि सिकाएको छ - राजनीतिक सीमाना मानिसले बनाएको हो, तर बाढी, हिमपहिरो र नदीको पानीले सीमा मान्दैन। त्यसैले नेपाल-चीनबीच विपद् प्रोटोकललाई केवल राहत र उद्धारमा मात्र होइन, जोखिमको पूर्वानुमानदेखि पुनर्निर्माणसम्मको साझा प्रणाली बनाउनु बढी प्रभावकारी हुन्छ। संयुक्त राष्ट्रसंघको विपद् जोखिम न्यूनीकरण निकायले पनि यस घटनालाई हिमाली क्षेत्रमा सीमा-पार र श्रृंखलाबद्ध विपद् जोखिमको स्पष्ट उदाहरण मानेको छ।

(लेखक थापा पत्रकारिताका विद्यार्थी हुन्)।



# जनकपुरधाममा हरवा-चरवाको धर्ना एक सातादेखि जारी, पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण

अपन दैनिक संवाददाता
सिरहा, भदौ १५ गते




हरवा-चरवा अधिकारको माग गर्दै जनकपुरधामस्थित मधेश भवन अगाडि सुरु गरिएको धर्ना कार्यक्रम एक सातादेखि निरन्तर जारी छ।

हरवा-चरवा संघर्ष समिति मधेश प्रदेशको अगुवाइमा विभिन्न माग राख्दै सुरु गरिएको यस धर्नामा मधेशका आठै जिल्लाका प्रतिनिधिहरूको सहभागिता रहेको छ।

संघर्ष समितिले हरवा-चरवा परिवारको लगत संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणको प्रक्रिया तत्काल अघि बढाउन माग गरेको छ। लामो समयदेखि भूमिहीनता र श्रम शोषणको चपेटामा परेका हरवा-चरवा समुदायको पहिचान गरी उनीहरूको दिगो पुनर्स्थापनाका लागि स्पष्ट कार्ययोजना स्वीकृत र कार्यान्वयन गर्नुपर्ने उनीहरूको मुख्य माग रहेको छ।

संघर्ष समितिका सदस्य लागेन्द्र सदाले सरकारले हरवा-चरवा समुदायको अधिकार र पुनर्स्थापनाका सन्दर्भमा विगतमा गरेका प्रतिबद्धताहरू कार्यान्वयन नगरेकाले आफूहरू सडकमा उत्रिनु परेको बताए।

उनले भने, 'हामी एक सातादेखि आन्दोलित छौं, तर सरकारी पक्षबाट हालसम्म कुनै सुनुवाइ भएको छैन। यदि हाम्रा मागहरूलाई बेवास्ता गरिए अझै सशक्त आन्दोलन गर्न बाध्य हुनेछौं।'

समितिले सरकारलाई आफ्ना मागहरूप्रति गम्भीर बन्न र विगतका सम्झौताहरू पालना गर्न ध्यानाकर्षण गराएको छ। माग सम्बोधन नभएसम्म धर्ना र दबाबका कार्यक्रमहरूलाई निरन्तरता दिने समितिले जनाएको छ।

# मधेशमा लेखा समूहका ७६ कर्मचारीको सरुवा, 'एक कर्मचारी, एक कार्यालय' नीति लागू

अपन दैनिक संवाददाता
सिरहा, भदौ १५ गते




मधेश प्रदेश सरकारले आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्न भन्दै एउटै कार्यालयमा लामो समयदेखि कार्यरत लेखा समूहका कर्मचारीहरूको सरुवा गरेको छ।

मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरेको हो। मन्त्रालयले सरुवा भएका कर्मचारीहरूको बिहीबार आफ्नो वेबसाइटमा विवरण सार्वजनिक गरेको छ।

मन्त्रालयका अनुसार लामो समयदेखि एउटै कार्यालयमा कार्यरत कर्मचारी तथा आकर्षक मानिएका कार्यालयमा निरन्तर बस्दै आएका कर्मचारीलाई सरुवा प्रक्रियामा समेटिएको छ। एउटै कार्यालयमा लामो समयसम्म कर्मचारी बसिरहँदा उत्पन्न हुनसक्ने एकाधिकार र वित्तीय प्रशासनमा देखिएका बेथिति अन्त्य गर्न सरुवा गरिएको अर्थमन्त्री युवराज भट्टराईले बताए।

मन्त्रालयले लामो समयदेखि एउटै अड्डामा सीमित रहने प्रवृत्तिले आर्थिक तथा वित्तीय सुशासनमा चुनौती सिर्जना गरेको निष्कर्षसहित प्रशासनिक सुधारको प्रक्रिया अघि बढाएको जनाएको छ।

यसअघि जनशक्ति अभावको कारण देखाउँदै एउटै कर्मचारीलाई तीनदेखि चार वटासम्म कार्यालयको जिम्मेवारी दिने अभ्याससमेत रहेको थियो। मन्त्रालयले उक्त व्यवस्था अन्त्य गर्दै अब 'एक कर्मचारी, एक कार्यालय' नीति कडाइका साथ लागु गर्ने निर्णय गरेको अर्थमन्त्री भट्टराईले बताए।

अर्थ मन्त्रालय मातहत वा अन्य निकायमा एकभन्दा बढी कार्यालयको जिम्मेवारी सम्हालिरहेका लेखा अधिकृत तथा अन्य कर्मचारीको जिम्मेवारी समेत पुनरावलोकन गरी एउटै कार्यालयमा सीमित गरिने मन्त्रालयले जनाएको छ।

सरुवा भएका कर्मचारीले सात दिनभित्र साविक कार्यालयबाट रमाना लिई नयाँ पदस्थापना भएको कार्यालयमा अनिवार्य रूपमा हाजिर हुनुपर्ने मन्त्रालयले जनाएको छ। सरुवा आदेश कार्यान्वयनमा ढिलाइ गर्ने वा सरुवा भएको कार्यालयमा जान आलटाल गर्ने प्रवृत्तिलाई रोक्न मन्त्रालयले कडा व्यवस्था गरेको छ। तोकिएको समयभित्र रमाना नलिई साविक कार्यालयमै बसिरहने कर्मचारीको साविक कार्यालयको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिइएको छ।

सरुवापछि चलखेल गरी एउटै निकाय तथा दोहोरो/तेहोरो जिम्मेवारीमा बस्ने केही लेखाका कर्मचारी आन्तरिक रूपमा गुट बनाएर आन्दोलन तथा सरकारको निर्णय उल्ट्याउने तयारीमा लागेको मन्त्रालय स्रोतले जनाएको छ। त्यसका निम्ति उनीहरू मुख्यमन्त्री कार्यालयलाई प्रभावमा पार्ने गरी आन्तरिक गृहकार्य गरिरहेको स्रोतको दाबी छ।

# जलेश्वर कारागारका कैदीबन्दीद्वारा प्रधानमन्त्री विपद् राहत कोषमा १ लाख सहयोग

अपन दैनिक संवाददाता
महोत्तरी, भदौ १५ गते

महोत्तरीको जलेश्वर कारागारका कैदीबन्दीले बाढी तथा प्राकृतिक विपद्‌बाट प्रभावित नागरिकको राहतका लागि आर्थिक सहयोग गरेका छन्।

कारागारमा रहेका ४ सय ५५ जना कैदीबन्दीले आपसमा चन्दा संकलन गरी १ लाख १ हजार १ सय ५ रुपैयाँ प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरेका हुन्।

विपद्को समयमा पीडित नागरिकलाई आफ्नो तर्फबाट पनि सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ कैदीबन्दीहरूले स्वेच्छाले रकम संकलन गरेको कारागार कार्यालयले जनाएको छ।

आफूहरू कारागारभित्र रहे पनि देशमा परेको विपद् र त्यसबाट प्रभावित नागरिकप्रति मानवीय संवेदना प्रकट गर्दै सहयोग जुटाइएको उनीहरूले बताए। कैदीबन्दीहरूले संकलन गरेको रकम सम्बन्धित प्रक्रियामार्फत प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरिएको कारागार प्रशासनले जनाएको छ।

विपद्‌का कारण ठूलो जनधनको क्षति भइरहेका बेला जलेश्वर कारागारका कैदीबन्दीहरूले गरेको यो सहयोगले मानवीय भावना र सामाजिक उत्तरदायित्वका लागि आर्थिक अवस्था वा परिस्थितिले सीमा नछेक्ने सन्देश दिएको छ।

बाढी तथा प्राकृतिक विपद्‌बाट प्रभावित परिवारको उद्धार, राहत तथा पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेका बेला कैदीबन्दीहरूले आफ्नो तर्फबाट सहयोग गरेका छन्।






# सरकारले एक्लै गर्न खोज्दा राहत वितरणमा समेत समस्या छः जनमत महासचिव सिंह

अपन दैनिक संवाददाता
काठमाडौं, भदौ १५ गते



रसुवा बाढी प्रभावित क्षेत्र पुगेर काठमाडौं फर्किएका जनमत पार्टीका महासचिव चन्दन सिंहले खोज तथा उद्धारसँगै राहत र विस्थापितको व्यवस्थापन धेरै समस्या रहेको बताएका छन्।

राहत सामग्री लिएर गएका उनले त्यसको वितरणमा पनि समस्या रहेको बताए।

'बट्टार बजारमा चारपाँच वटा होल्डिङ सेन्टर छन्। त्यहीँ प्रभावितलाई राखिएको छ। तर घरबारविहीन भएका स्थानीयको दीर्घकालीन व्यवस्थापन हुन सकेको छैन' उनले भने,'घर र बजार नै गुमाएका मानिसलाई पनि होल्डिङ सेन्टरमा राखेर खाना र बस्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।'

बट्टार क्षेत्रमा उद्धारका लागि हेलिकप्टरहरू निरन्तर परिचालन भइरहे पनि उद्धारपछि प्रभावितको व्यवस्थापन, आफन्तसँग समन्वय तथा शव पहिचानमा समस्या अनुभव सुनाए।

नेता सिंहका अनुसार बाढीले घरबारविहीन भएका परिवारमा खाद्यान्नसँगै कपडा र अन्य अत्यावश्यक सामग्रीको समेत अभाव छ। 'साना बच्चाहरू छन्। जसको घरै बगायो। त्यो बगाउँदा मान्छेको आफ्नो आङमा भएको लुगा बाहेक त अरु केही छैन' सिंह भन्छन्, 'पाँच दिनदेखि एउटै कपडा लगाइरहेका छन्। त्यसैले त्यहाँ खानेकुरा मात्र होइन, कपडा र ओढ्ने ओछ्याउने तत्काल पुऱ्याउनुपर्ने देखिन्छ।'

बाढीपछि खोज, उद्धार, राहत र पुनःस्थापनामा सबै राजनीतिक दललाई सहभागी गराउने उद्देश्यले सर्वदलीय संयन्त्र बनाउने भनिए पनि त्यसको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए।

'फिल्डमा दलीय संयन्त्र र सरकारबीच समन्वय भएको छैन' उनी भन्छन्। सरकारले एक्लै गर्छु भन्दा समस्या भएको उनको ठहर छ।

## '६ दिन ६ वर्षजस्तै भयो, एउटा फोन कल मात्र सुनाइदेऊ ............

बुधबार बिहान ८:३९ बजे श्रीमानसँग अन्तिम पटक फोनमा कुराकानी भएको थियो। 'उहाँले खाजा खाँदै गर्दा मसँग कुरा गर्नुभएको थियो, 'त्यो पल सम्झिँदै पुजा भन्छिन्, 'त्यतिबेला उहाँ डोसान क्याम्पमै हुनुहुन्थ्यो।'

अजयका साथीहरुसँगको सम्पर्कबाट खुले अनुसार त्रिशुली छेउको क्याम्पमा कार्यरत अन्य कर्मचारी तथा व्यक्तिहरु पनि बाढीपछि सम्पर्क बाहिर छन्। कतिपयले उनी टनेलमा थुनिएको हुनसक्ने अड्कलबाजी गरे पनि पुजा भने फोन संवादको आधारमा श्रीमान् क्याम्पमै भएको दाबी गर्छिन्।

कम्पनीको फितलो व्यवस्थापन र उद्धारमा भएको ढिलाइले पीडित परिवारलाई झनै मर्महत बनाएको छ। 'डोसान कम्पनीले आफ्ना कर्मचारीहरुको आधिकारिक विवरण सम्म दिन सकेको छैन,'भावुक हुँदै पुजा आक्रोश पोख्छिन्, 'आजसम्म पनि उद्धारको कुरा त के, 'सरकारले अनुमति दिँदैन' भन्दै पन्छिन्छन्। अब हामी पीडितले के गर्ने? कसैको केही रेकर्ड छैन। अब के हुन्छ? यो पीडा कहिलेसम्म सहने? हे भगवान्, केही त उपाय देउ! कसैले त सहयोग गरिदेऊ!'

'आजको दिन पनि बित्यो, तर अहिलेसम्म कुनै खबर आएन। हे भगवान्, अब धेरै परीक्षा नलिनुहोस... मेरो संसारलाई जहाँ भए पनि सुरक्षित राखिदिनुहोस् र चाँडै सकुशल मेरो सामुन्ने फर्काइदिनुहोस्।' पुजाले सोमवार समाजिक सञ्जालमा लेखेकी छिन्, 'मेरो मनले हरेक पल उहाँकै बाटो हेरिरहेको छ। हे भगवान्, मेरो संसारलाई चाँडै मेरो काखमा फर्काइदिनुहोस्।'

उनी भावकु हुँदै कति समय लाग्छ अझै? प्रतीक्षा गर्दागर्दै आँसु पनि सुकिसके, अब त साहस र धैर्य गर्ने शक्ति पनि दिनदिनै घट्दै गएको महसुस भइरहेको छ। भगवान्, जहाँ भए पनि मेरो श्रीमानलाई सुरक्षित राखिदिनुहोस्। अब धेरै केही चाहिँदैन, उहाँको एउटा फोन कल मात्र सुनाइदिनुहोस्। छिट्टै फर्केर आउनु है... तिम्रो प्रतीक्षामा बितेका हरेक पल अब धेरै भारी हुँदै गएका छन्। यो प्रतीक्षाको समय छिट्टै सकियोस् र फेरि मेरो संसार मेरो अगाडि सुरक्षित भएर आओस्।

अजय र पुजाको १ वर्षअघि विवाह भएको थियो। उनीहरुको १ महिने काँखे छोरी समेत छ।